**Tribhuvan University Journal**
**Vol 40, No 2: 187-205, December 2025**
**Research Directorate, Tribhuvan University (TU)**
**Kathmandu, Nepal**
**DOI: https://doi.org/10.3126/tuj.v40i2.88139**

**This work is licensed under the Creative Commons CC BY-NC License.**
**https://creativecommons.org/licenses/by-nc/4.0/**

# स्नातकोत्तर तहका विद्यार्थीको पठन बानी तथा पठनप्रतिको अभिवृत्ति

***महेन्द्र न्यौपाने*[1], *राजेन्द्र खनाल*[2], *ओम चन्द्र थसिनेकू*[3]**

*[1,3]शिक्षा विकास तथा अनुसन्धान केन्द्र (सेरिड), त्रिवि, काठमाडौँ*
*[2]शिक्षाशास्त्र केन्द्रीय विभाग, त्रिवि, काठमाडौँ*

*Corresponding author: rajendra.khanal@cded.tu.edu.np*

## लेखसार

पढाइ प्रारम्भिक कक्षादेखि उच्च तहसम्मको ज्ञान आर्जन, समालोचनात्मक चिन्तनक्षमता, सिकाइ उपलब्धिका साथै समग्र व्यक्तित्व विकासको महत्त्वपूर्ण आधार हो । प्रस्तुत लेख स्नातकोत्तर तहमा अध्ययनरत विद्यार्थीको पठन बानी र पठन अभिवृत्तिको अध्ययनसँग सम्बन्धित छ । यस तहका विद्यार्थीको पठन बानी तथा रुचि, पढाइ तथा डिजिटल पढाइप्रतिको रुचि पहिचान गर्नु यस अनुसन्धानको मुख्य उद्देश्य हो । परिमाणात्मक अनुसन्धान ढाँचामा आधारित यस अनुसन्धानमा सर्वेक्षण विधिलाई उपयोग गरिएको छ । सर्वेक्षण प्रश्नावलीलाई तथ्याङ्क सङ्कलनका साधन बनाइएको छ । निर्दिष्ट विद्यार्थीबाट प्राप्त प्रतिक्रियाको तथ्याङ्कशास्त्रीय विश्लेषण गरिएको यस लेखमा प्रस्तुतीकरणमा तालिकीकरण र स्तम्भचित्रको समेत प्रयोग गरिएको छ । यस अनुसन्धानबाट विद्यार्थीको पठन बानी र रुचि मध्यम खालको रहेको, धेरै विद्यार्थीले समीक्षा पढेर पुस्तक छनोट गर्ने गरेको, पढाइबाट मूलतः ज्ञान आर्जनका साथै व्यक्तित्व विकासमा टेवा पुऱ्याएको देखिन्छ । सामाजिक सञ्जालको अनावश्यक प्रयोग र पढ्ने बानीको अभावले पठन क्षमताको पर्याप्त विकास हुन सकेको छैन । त्यस्तै एकातिर पुस्तकालयमा पर्याप्त पुस्तकको अभाव तथा समसामयिक सामग्रीको अनुपलब्धता देखिन्छ भने अर्कातिर पुस्तकालय गएर नियमित पढ्ने विद्यार्थीको सङ्ख्या अत्यन्त न्यून रहेको छ । पठन प्रक्रियामा डिजिटल पुस्तकका तुलनामा छापा पुस्तक धेरै सहभागीको रोजाइमा परेका छन् । पठनप्रतिको अभिवृत्ति सकारात्मक भए पनि अभ्यासको कमीका कारण अपेक्षाकृत सक्षमताको विकास नभएको देखिन्छ । विद्यमान अवस्था सुधार गर्न पढाइको बहुआयामिक फाइदाका बारेमा लक्षित वर्गमा सचेतता वृद्धि गरी पढाइलाई अभियान र कार्यक्रमका रूपमा नियमित रूपमा सञ्चालन गरी पढाइको अवसर उपलब्ध गराउनुपर्ने आवश्यकता रहेको छ । यसबाट

पठन बानीमा सुधार र पठन अवधि वृद्धि भई पठन सक्षमता, आलोचनात्मक क्षमता, सिकाइ उपलब्धिका साथै पेसागत र व्यक्तित्व विकासमा समेत योगदान पुग्न सक्छ ।

**शब्दकुञ्जी :** पठन बानी, पठन सक्षमता, पढाइका बाधा, पठनप्रतिको अभिवृत्ति, बृहत्तर पठन

## परिचय

पढाइ ज्ञान प्राप्तिको महत्त्वपूर्ण आधार हो । पढाइ शिक्षामा सफलताको प्रवेशद्वार र सिकाइ प्रक्रियाको मुख्य तत्त्व हो (Alsaeedi *et al.,* 2021) । पढ्ने बानी विद्यार्थीको शैक्षिक उपलब्धि प्रभावकारी बनाउने महत्त्वपूर्ण माध्यम हो (Balan *et al.,* 2019) । यो ज्ञान प्राप्तिको अपरिहार्य विधि तथा उच्च शैक्षिक सफलताका लागि आवश्यक कार्य हो (Bashir & Mattoo, 2012) । विद्यालय तहदेखि विश्वविद्यालय तहसम्म नै पढाइको महत्त्व रहन्छ । पठन बानीले विश्वविद्यालयका विद्यार्थीको पढाइ सफलतामा कारकको रूपमा भूमिका निर्वाह गर्छ । नियमित पढ्ने बानी भएका विद्यार्थीरूको शैक्षिक सफलता स्वाभाविक रूपमा कम पढ्ने विद्यार्थीको तुलनामा राम्रो हुन्छ । विद्यार्थीको पाठ्यक्रमभन्दा बाहिरका साहित्य र गैरशैक्षिक  पुस्तकहरू पढ्ने बानी भएमा पनि त्यसले भाषिक सिप, प्राज्ञिक बौद्धिकता, समालोचनात्मक चिन्तन क्षमता बढ्न गई शैक्षिक उपलब्धि राम्रो बनाउन सहयोग पुऱ्याउँछ (Balan *et al.,* 2019) । यसरी पढाइ विद्यार्थीको शैक्षिक सफलताको महत्त्वपूर्ण पक्षका रूपमा देखा पर्छ ।

शैक्षिक सफलताका लागि थुप्रै पक्षहरूले प्रभाव पार्छन् । तीमध्ये पठन बानी एक महत्त्वपूर्ण पक्ष हो । पठन सक्षमता र शैक्षिक सफलताका बिचमा बलियो र सकारात्मक सम्बन्ध हुन्छ । शैक्षिक सफलताका लागि आवश्यक पर्ने धेरै पक्षहरू पढाइबाट नै विकास हुन्छ । पढाइ ज्ञान प्राप्तिको महत्त्वपूर्ण स्रोत, शब्दभण्डार क्षमता विकास गर्ने, तथा पठन प्रवाह बढाउने माध्यम बन्छ । पठन बानीले पठनबोध क्षमतालाई प्रबर्द्धन गर्छ जसको परिणामस्वरूप व्यक्तिको शैक्षिक सफलता हासिल हुन्छ (Stoller & Nguyen, 2020) । नियमित पुस्तक पढ्ने विद्यार्थीको नियमित पुस्तक नपढ्ने विद्यार्थीभन्दा समस्या समाधान सिप राम्रो हुने  (Palavan *et al.,* 2022) ।  विद्यार्थीहरू लेखाइमा सफल हुनाका लागि अनुसन्धानमूलक लेख तथा पुस्तकहरू बुझ्ने, व्याख्या गर्ने, समीक्षा गर्ने  गर्नुपर्छ (Bergman, 2024) । यी सिपहरू शैक्षिक सफलताका लागि आवश्यक हुन्छन् । विद्यार्थीले पाठहरू पढेर ती पाठबाट मुख्य विचार पहिचान गर्ने, समीक्षात्मक ढङ्गले सोच्ने, सूचनाहरूलाई एकीकरण गर्ने तथा फरक फरक पाठबाट विभिन्न खालको दृष्टिकोण लिएर त्यसलाई आफ्नै आवाजका रूपमा नयाँ पाठको सिर्जना  गर्छन् (Cooney *et al.,* 2018) । जुन कार्य शैक्षिक प्रक्रियाको मूल्याङ्कनको अङ्गका रूपमा रहेको हुन्छ । यस आधारमा शैक्षिक सफलताका लागि पठन बानी र यसबाट निर्मित पठन सक्षमताको योगदान रहेको पाइन्छ ।

सञ्चार तथा सूचना प्रविधिको विकाससँगै यसको प्रभाव पढाइमा समेत परेको छ। जसको परिणामस्वरूप समयको क्रमसँगै उच्च शिक्षामा डिजिटल पढाइले स्थान लिएको छ। डिजिटल पढाइले डिजिटल सामग्रीको उपयोग गरी मल्टिमिडियाका सहायताले निर्मित पाठको अध्ययन गर्नुलाई जनाउँछ (Tang & Lin, 2004)। यसका साथै उच्च शिक्षामा डिजिटाइजेनको सुरुवातको सन्दर्भमा यसको प्रारम्भिक र उन्नत पक्षका रूपमा उच्च शिक्षामा डिजिटल पाठ पाठ्यसामग्रीका रूपमा उपलब्ध गराउनु तथा स्क्रिनमा आधारित पढाइलाई प्राथमिक कार्यका रूपमा सबैले अपनाउने र त्यसबाट सिकाइ हासिल हुँदै जानुलाई लिइन्थ्यो (Khun *et al.,* 2024)। यसै आधारमा डिजिटल सामग्रीमा कत्तिको पहुँच पुगेको छ र यसको प्रयोग कसरी प्रयोग भएको छ भन्ने हेर्ने गरिन्थ्यो। यद्यपि डिजिटल माध्यमको उपलब्धता र यसको पहुँचको विभेदीकरणले मात्रै यसको प्रयोगको प्रभावकारिता निर्धारण गर्न सक्दैन। शिक्षामा प्रविधिको प्रयोग बढ्दै गएपछि डिजिटल माध्यमको पहुँचमा रहेको विविधतालाई झनै सूक्ष्म रूपमा हेर्न थालियो। यस क्रममा 'तीन तहयुक्त ढाँचा' (Van Dijk, 2020) को विकास हुन पुग्यो। यो ढाँचाले पहिलो तहले सामाजिक असमानता र डिजिटल प्रविधि र मिडियामा पहुँचका आधारमा डिजिटल विभेद सिर्जना हुने मान्यता राख्छ। प्रविधिको प्रयोग हुनका लागि यसको पूर्वाधारका साथै डिजिटल सूचना पहुँचयोग्य हुनु आवश्यक हुन्छ। यस ढाँचाको दोस्रो तहले डिजिटल विभेद सामाजिक असमानताको परिणामका साथै यसलाई डिजिटल प्रविधि र मिडियालाई ग्रहण गर्ने वा नगर्ने भन्ने विषयबाट निर्धारित हुन्छ। प्रविधिलाई ग्रहण गर्ने वा नगर्ने भन्ने कुरा व्यक्तिगत रुचिमा आधारित नभई सामाजिक सांस्कृतिक वातावरणको संरचनात्मक पक्षसँग सम्बन्धित हुन्छ (Buchi *et al.,* 2016)। संरचनात्मक पक्ष डिजिटल प्रविधिप्रतिको अभिवृत्ति, प्रयोगकर्ताको विविधतामयी उत्प्रेरणा, फरक सिप र विविध खालका प्रयोगकर्ताका व्यवहारबाट निर्धारित हुन्छ (Van Dijk, 2020)। तेस्रो तहको डिजिटल विभेद प्रविधिमा पहुँच र प्रविधिको प्रयोग गर्ने कार्यलाई यसको प्रभावका दृष्टिबाट मूल्याङ्कन गरिन्छ। यस तहमा आधारित अनुसन्धानले शिक्षा, अर्थव्यवस्था र सामाजिक समाहितका क्षेत्रमा भएको उपलब्धिका दृष्टिकोणबाट डिजिटल विभेदलाई व्याख्या गर्छ। वर्तमान समयमा प्रविधिको पहुँच विस्तारले व्यापकता पाइसकेको सन्दर्भमा परम्परागत दृष्टिबाट मात्रै प्रविधिको पहुँच सही ढङ्गले हुन सक्यो वा सकेन भनेर मात्रै हेर्ने कार्य गर्दा वास्तविकता पहिचान गर्न कठिन हुने हुँदा तीन तहयुक्त यस ढाँचाको प्रयोगले सही मात्रामा व्याख्या विश्लेषण गर्न सक्छ।

शैक्षिक सफलताका लागि उच्च शिक्षामा प्राज्ञिक साक्षरता विकास गर्ने कार्य चुनौतीपूर्ण देखिएको छ (Atkinson & Smith Risser, 2023)। आफ्नो विषयक्षेत्रमा सक्षमतापूर्ण ढङ्गले प्राज्ञिक समुदायसमक्ष विषयगत प्रस्तुतीकरण तथा छलफल गर्न सक्ने प्राज्ञिक साक्षरता (Wingate, 2015) को अभावमा विद्यार्थीले शैक्षिक सफलता हासिल गर्न कठिनाइ हुन्छ। प्राज्ञिक साक्षरता, समता र उच्च शिक्षामा सहभागिता र विषयगत

एवम् विधागत समुदायमा हुने अभ्यास तथा अन्तर्क्रियामा सहभागिताका लागि विद्यार्थीलाई ज्ञानयुक्त सदस्यका रूपमा विकास गर्छ (Baker *et al.,* 2018) । उनीहरूका अनुसार प्राज्ञिक साक्षरताका लागि विद्यार्थीमा अर्थ निर्माण, पहिचान साथै उच्च शिक्षाको सन्दर्भमा सक्रिय सहभागिताका लागि पढाइको अग्रणी भूमिका रहेको हुन्छ । कतिपय अनुसन्धानकर्ताहरूले बृहत् पठन अभ्यासलाई सिकाइको एक महत्त्वपूर्ण आधारका साथै विधागत ज्ञान निर्माणको आधारका रूपमा समेत लिएका छन् (Atkinson & Smith Risser, 2023) । यस चर्चाका आधारमा पढाइका केवल शैक्षिक सफलतासँग मात्रै सम्बन्ध नभई बृहत्तर फाइदा रहेको स्पष्ट हुन्छ ।

पठनको बहुआयामिक फाइदालाई मनन् गरी व्यवहारमा उतार कमै मात्र गरिएको पाइन्छ । झन् नेपाल लगायतका विकासोन्मुख राष्ट्रका सन्दर्भमा पठन संस्कृतिको विकास गर्नु आवश्यक देखिन्छ । नेपालमा विश्वविद्यालय तहमा बृहत् पठनलाई बेवास्ता गरिएको (Adhikari & Shrestha, 2023) अवस्थामा यसका बारेमा गहन अध्ययन हुनु आवश्यक छ । नेपालका सन्दर्भमा विश्वविद्यालयमा अध्ययन गर्ने विद्यार्थीहरूको पठन बानी, पढाइ तथा डिजिटल पठनप्रतिको अभिवृत्ति, पढाइका लागि सामग्रीको उपलब्धता, पढाइमा डिजिटल माध्यमको उपयोग जस्ता विषयमा व्यापक अध्ययन हुन सकेको छैन । यही रिक्तता परिपूर्ति गर्ने उद्देश्यले प्रस्तुत अनुसन्धान गरिएको हो । पढाइको बहुआयामिक फाइदालाई मध्यनजर गर्दै विद्यार्थीहरूको पठन बानी र पठनप्रतिको अभिवृत्तिको अध्ययन आवश्यक विषय ठहर्छ । वर्तमान सूचना प्रविधिमा आधारित युगमा पढाइमा त्यसको उपयोग र त्यसप्रतिको विद्यार्थीको अभिवृत्ति अन्वेषण गर्ने उद्देश्यमा यो अनुसन्धान मुख्य रूपमा केन्द्रित रहेको छ ।

## अध्ययन विधि

प्रस्तुत अनुसन्धान परिमाणात्मक अनुसन्धान ढाँचामा निर्माण गरिएको छ। सर्वेक्षण विधिको उपयोग गरिएको यस अनुसन्धानमा स्नातकोत्तर तहका विद्यार्थीहरूलाई नमुनाका रूपमा लिई उनीहरूको पठन रुचि र बानीका साथै पढाइ तथा डिजिटल पठनप्रतिको अभिवृत्तिको अन्वेषण गरिएको छ । निर्दिष्ट नमुना विद्यार्थीबाट प्राप्त भएका प्रतिक्रिया नै यस लेखमा प्राथमिक स्रोतका तथ्याङ्क बनेका छन् । नमुना विद्यार्थीका रूपमा त्रिभुवन विश्वविद्यालयका स्नातकोत्तर तहका शिक्षाशास्त्र, व्यवस्थापन र मानविकी सङ्कायका जम्मा ३९६ जना विद्यार्थीहरूलाई नमुनाका रूपमा छनोट गरिएको छ। यो नमुनाको आकार Cocharan (सन् १९७७) अनुसार ठुलो र अनिश्चित जनसङ्ख्याको आकार भएका सर्भे अध्ययनमा लागि नमुनाको न्यूनतम आकार ३८४ जना हुनुपर्छ (Uakarn *et al.,* 2021) भन्ने मान्यताका आधारमा निर्धारण गरिएको हो । यसरी निर्धारित सङ्ख्यामा सर्भेका लागि पठाइएका सम्पूर्ण सहभागीबाट प्रतिक्रिया प्राप्त नहुने तथा पूर्ण प्रतिक्रिया प्राप्त नहुन सक्ने सम्भावनालाई समेत मध्यनजर गर्दै ५ प्रतिशत (२० जना) थप गरी ४०४ जना सहभागीलाई

अध्ययनका लागि छनोट गरी पठाइएको थियो । जसमध्ये अध्ययनका लागि ३९६ जनाबाट प्राप्त प्रतिक्रिया अध्ययनका लागि योग्य भएका थिए । यसरी प्रस्तुत अध्ययनमा त्रिभुवन विश्वविद्यालयमा शिक्षाशास्त्र, व्यवस्थापन र मानविकी तथा सामाजिकशास्त्र सङ्कायमा अध्ययनरत ३९६ जना विद्यार्थीका प्रतिक्रियाको विश्लेषण गरिएको छ ।

तथ्याङ्क सङ्कलन गर्नका लागि बन्द प्रकृतिका सर्वेक्षण प्रश्नावलीको गुगल फारममा तयार गरिएको थियो । उक्त फारम विद्यार्थीहरूलाई म्यासेन्जर, ह्वाट्सएप जस्ता सामाजिक सञ्जालका माध्यमबाट सर्भे प्रश्नावलीको लिङ्क पठाएर फाराम भर्न लगाइएको थियो । निर्मित प्रश्नावलीमा आधारित रही विद्यार्थीले दिएका उत्तरका आधारमा सहभागीको पठन बानीलाई उजागर गरिएको छ । सङ्कलन कार्य गरिसकेपछि विश्लेषण हेतु तथ्याङ्कलाई IBM SPSS मा राखिएको थियो । तथ्याङ्कलाई प्रारम्भिक चरणमा त्रुटिरहित बनाउने तथ्याङ्क शुद्धीकरणसमेत गरिएको थियो । तथ्याङ्कको विश्वसनीयता परीक्षणको लागि पठनप्रतिको अभिवृत्ति र डिजिटल पठनप्रतिको अभिवृत्ति शीर्षकअन्तर्गत रहेका लिकर्ट स्केलका प्रश्नहरूको क्रोनब्याक अल्फा मान परीक्षण गरिएको थियो । जसअनुसार पठनप्रतिको अभिवृत्ति अन्तर्गतका कथनहरूमा विद्यार्थी प्रतिक्रियाको क्रोनब्याक अल्फा मान ०.७८८ र ०.८५६ प्राप्त भयो । यसले तथ्याङ्कको विश्वसनीयता उचित रहेको पुष्टि हुन्छ । यसरी प्रश्नहरूको आन्तरिक विश्वसनीयता परीक्षण गर्ने क्रोनब्याक अल्फा मान ०.७० भएमा राम्रो र ०.७७ भन्दा माथि रहेमा तुलनात्मक रूपमा उच्च रहेको मानिन्छ (Taber, 2018) । तथ्याङ्क विश्लेषण गर्दा आवृत्ति वितरण, मध्यकको आधारमा गरिएको छ । उत्तरदाताहरूबाट प्राप्त तथ्याङ्क अनुसार उनीहरूमा पठन रुचि र बानीको साथै पढाइ र डिजिटल पढाइप्रति विद्यार्थीको उनीहरूको अभिवृत्ति अन्वेषण गरी त्यसको विश्लेषण गरिएको छ । तथ्याङ्कको विश्लेषणलाई तालिका, स्तम्भचित्र र बार डायग्रामका माध्यमबाट प्रस्तुत गरी निष्कर्ष निकालिएको छ । साथै विश्वविद्यालयका विभिन्न तहमा अध्ययनरत विद्यार्थीको पठन बानी र रुचि तथा पढाइ र डिजिटल पठनप्रतिको अभिवृत्तिको अध्ययनबाट प्राप्त नतिजासँग तुलनात्मक समीक्षासमेत गरिएको छ ।

## नतिजा

यस अध्ययनबाट प्राप्त नतिजालाई सहभागीका विशेषता, फुर्सदको समयको मुख्य कार्य र पठन अवधि, पुस्तक छनोटको आधार र पढाइको उद्देश्य, पढाइका फाइदा र बाधा, पुस्तकालयको प्रयोग र पाठ्यसामग्रीको अद्यावधिकता, पठनप्रतिको अभिवृत्ति, पढाइमा डिजिटल माध्यमको उपयोग, डिजिटल माध्यमका पठनप्रतिको अभिवृत्ति जस्ता उपशीर्षकअन्तर्गत समावेश गरी प्रस्तुत गरिएको छ ।

## सहभागिका विशेषता

स्नातकोत्तर तहमा अध्ययनरत विद्यार्थीहरू यस अध्ययनका सहभागी हुन् । यस अध्ययनका सहभागीका लिङ्ग, मातृभाषा, सङ्काय, सेमेस्टर र अध्ययन गर्ने विषयगत विशेषतालाई तालिका १ मा  गरिएको छ :

**तालिका १**

*सहभागीको पृष्ठभूमिगत विशेषताको वितरण*

| सहभागीको पृष्ठभूमि | | सङ्ख्या | प्रतिशत |
|---|---|---|---|
| लिङ्ग | महिला | २६४ | ६६.७ |
| | पुरुष | १३२ | ३३.३ |
| मातृभाषा | नेपाली | २९१ | ७३.५ |
| | अन्य | १०५ | २६.५ |
| सङ्काय | शिक्षाशास्त्र | २६६ | ६७.२ |
| | मानविकी | ९६ | २४.२ |
| | व्यवस्थापन | ३४ | ८.६ |
| सत्र | पहिलो | ५७ | १४.४ |
| | दोस्रो | १०७ | २७.० |
| | तेस्रो | १३ | ३.३ |
| | चौथो | २१९ | ५५.३ |
| विषय | नेपाली | २१७ | ५४.८ |
| | वाणिज्य | ९३ | २३.५ |
| | अङ्ग्रेजी | २८ | ७.१ |
| | समाजशास्त्र | ४१ | १०.४ |
| | अन्य | १७ | ४.३ |
| जम्मा | | ३९६ | १००.० |

दिइएको तालिकाले यस अध्ययनमा सहभागीहरूको पृष्ठभूमिलाई स्पष्ट पारेको छ । अध्ययनमा सहभागीमध्ये पुरुषका तुलनामा महिलाको सङ्ख्या धेरै रहेको, जम्मा सहभागीहरूमध्ये चार भागको तीन भाग नेपाली मातृभाषी रहेको देखिन्छ । शिक्षाशास्त्र, मानविकी र व्यवस्थापन गरी जम्मा तीनओटा सङ्कायका विद्यार्थीहरूको सहभागिता रहेकामा सबैभन्दा बढी शिक्षाशास्त्र सङ्कायका, त्यस्तै चारओटा सत्रमध्ये सबैभन्दा बढी चौथौ, त्यसपछि क्रमशः दोस्रो, पहिलो र तेस्रो सत्रका विद्यार्थीहरू सहभागी रहेको देखिन्छ । विषयगत रूपमा सबैभन्दा बढी नेपाली विषयका विद्यार्थीको सहभागिता अध्ययनमा रहेको देखिन्छ ।


## फुर्सदको समयको कार्य र पठन अवधि

विद्यार्थीहरूले फुर्सदको समयमा मुख्य रूपमा के कार्य गर्छन् र उनीहरूले पढाइमा बिताउने समय कति छ भन्ने आधारमा पढाइको रुचि र बानी पत्ता लगाउन सकिन्छ । यस

अध्ययनका सहभागीको फुर्सदको समयको मुख्य कार्य र दैनिक औसत पढाइमा बिताउने समयलाई तलको चित्रमा प्रस्तुत गरिएको छ :

**चित्र १**

*फुर्सदको समयको मुख्य कार्य र पठन अवधि*




माथिको चित्रले सहभागीको फुर्सदको समयको मुख्य कार्य र दैनिक औसत पठन अवधिलाई प्रस्तुत गरेको छ । फुर्सदको समयमा सबैभन्दा बढी समय गीतसङ्गीत सुन्ने र टेलिभिजन हेरेर समय बिताउने सहभागीको प्रतिशत सबैभन्दा बढी रहेको र पढाइमा अधिक समय बिताउने सहभागीको दोस्रो स्थानमा रहेको देखिन्छ । त्यस्तै गीतसङ्गीत सुन्ने र टेलिभिजन हेर्ने साथै अन्य क्रियाकलापमा समय व्यतित गर्ने सहभागीको सङ्ख्या उल्लेख्य रहेको देखिन्छ । घुमफिर गर्ने, घरका अन्य कार्य गर्ने जस्ता अन्य  क्रियाकलापमा समय बिताउने समय बिताउने सहभागीहरू पनि पर्याप्त नै रहेका देखिन्छ । यसरी अध्ययनका सहभागीमध्ये एक चौथाइभन्दा केही बढी (२६.३%) सहभागीको फुर्सदको मुख्य कार्य पढाइ रहेको र अन्य सहभागीले पढाइलाई फुर्सदको समयको मुख्य कार्य बनाउन नसक्दा उनीहरूको पढ्ने बानी कमजोर रहेको स्पष्ट हुन्छ ।


चित्रमा प्रस्तुत सहभागीको दैनिक रूपमा पढाइमा बिताउने औसत समयलाई पढाइ अवधिको तथ्यलाई हेर्दा दैनिक तीन घण्टाभन्दा कम अवधि पढाइमा बिताउने सहभागीहरू आधाभन्दा धेरै छन् । त्यस्तै दैनिक पाँच घण्टाभन्दा बढी अध्ययन गर्ने प्रतिशत पनि कम रहेको छ । सेमेस्टर प्रणालीमा अध्ययन हुने त्रिभुवन विश्वविद्यालयमा विद्यार्थीको पढाइ मूल रूपमा असाइनमेन्टसँग सम्बन्धित कार्यमा खर्च हुने सहभागीहरूको अभिमत रहेको थियो । यसर्थ यसमध्ये निकै थोरै समय मात्रै सहभागीको पाठ्यक्रम बाहिरका सामग्रीको अध्ययनमा व्यतीत हुने देखिन्छ । यसबाट विद्यार्थीहरूमा बृहत्तर पठाइ अभ्यास मजबुत बन्न नसकेको देखिन्छ ।

## पुस्तक छनोटको आधार र पढाइको उद्देश्य

पठन बानीको विकासका लागि पुस्तकको छनोटले पनि प्रभाव पार्छ । त्यस्तै व्यक्तिले के उद्देश्य राखेर पढ्छन् भन्ने कुराले पनि उनीहरूको पढाइमा प्रभाव पार्छ । पठन संस्कृति राम्रो हुने र अन्य व्यक्तिबाट पढाइ तथा पुस्तकका बारेमा कुराकानी हुने अनि पुस्तक सिफारिस गरेमा पठन बानी प्रभावकारी हुन्छ । पढाइको बृहत् उद्देश्य ग्रहण गर्न सकेमा पढाइमा संलग्नता बढ्छ । यस अध्ययनका सहभागीहरूको पुस्तक छनोटको आधार तथा पढाइको उद्देश्यलाई तलको स्तम्भचित्रमा प्रस्तुत गरिएको छ :

**चित्र २**

*पुस्तक छनोटको आधार तथा पढाइको उद्देश्य*




दिइएको चित्रले अध्ययनमा सहभागी विद्यार्थीको पुस्तक छनोटको आधार र पढाइको उद्देश्यलाई प्रस्तुत गरेको छ । यस अध्ययनमा सहभागीमध्ये करिब आधा (४८.०%) सहभागीले पुस्तकको समीक्षा सुनेर, एक चौथाइ सहभागीले साथीभाइको सल्लाहको आधारमा आफूले पढ्ने पुस्तकको छनोट गर्ने गरेको तथा समाचारबाट र अन्य आधारमा पनि केही सहभागीले पुस्तक छनोट गर्ने गरेको पाइयो । यसबाट स्नातकोत्तर तहका सहभागीहरूले पाठ्यक्रमभन्दा बाहिरका पुस्तक छनोट गर्दा पुस्तकको समीक्षालाई मुख्य आधार मान्नुले उनीहरू स्तरीय पाठकका रूपमा देखिने साथै साथीभाइको सल्लाह र सिफारिसका आधारमा पनि धेरै सहभागीले पुस्तक छनोट गर्नुले साथीभाइसँगको सल्लाह, अन्तर्क्रिया तथा सामूहिक पठन क्रियाकलापको महत्त्व रहेको स्पष्ट हुन्छ । यस्तै यस अध्ययनमा सहभागीमध्ये आधाभन्दा केही थोरै सहभागीले (४६.७ %) ज्ञान तथा सूचना प्राप्तिको माध्यमका रूपमा


पढाइलाई लिएका करिब एक तिहाइ सहभागीले परीक्षाको तयारीको रूपमा पढाइलाई लिएका छन् । त्यस्तै आनन्द प्राप्ति र समसामयिक सूचना प्राप्तिको उद्देश्यले पढ्ने सहभागीको प्रतिशत अत्यन्त न्यून रहेको देखिन्छ । यसबाट स्नातकोत्तर तह र यसभन्दा तलका तहमा सहभागीको बृहत्तर पठन अभ्यास कमजोर रहेका कारण करिब एक तिहाइ सहभागीले पाठ्यक्रमको सेरोफेरोमै आफ्नो पढाइलाई बढी सीमित गराएको देखिन्छ । पढाइको अनुभवका साथै नियमित पढ्ने बानीको अभावका कारणले गर्दा धेरै सहभागीहरूले पढाइलाई आनन्द प्राप्तिको माध्यमका रूपमा उपयोग गर्न सकेका छैनन् ।

### पढाइका फाइदा र बाधा

पढाइका बहुआयामिक फाइदाहरू र विविध बाधाहरू पनि रहेका हुन्छन् । सहभागीहरूले पढाइका ती फाइदालाई राम्ररी बोध गर्न सकेमा मात्रै उनीहरूको पढ्ने बानीको विकास र पढाइप्रतिको सकारात्मक अभिवृत्ति बढ्छ । फेरि विद्यार्थीमा पढाइप्रतिको फाइदाका बारेको बुझाइ भए पनि विभिन्न बाधाका कारण पढ्ने बानी विकास हुन नसक्ने अवस्था पनि सिर्जना हुन्छ । यस अध्ययनका सहभागीहरूका पढाइका मुख्य फाइदा र बाधालाई तलको चित्रमा प्रस्तुत गरिएको छ :

**चित्र ३**

*पढाइको मुख्य फाइदा र बाधा*




दिइएको चित्रको पहिलो खण्डले सहभागीको पढाइको फाइदालाई प्रस्तुत गरेको छ । करिब आधा (४७.५ %) सहभागीले ज्ञान प्राप्तिलाई तथा एक तिहाइजति (३३.६ %) सहभागीले व्यक्तित्व विकासलाई पढाइको मुख्य फाइदा मानेका छन् । यसरी परीक्षा उत्तीर्ण र शब्दभण्डार वृद्धिलाई पढाइको मुख्य फाइदा मान्ने सहभागीको प्रतिशत न्यून रहेको छ । यसरी प्रस्तुत अध्ययनमा सहभागीहरूमा पढाइको बृहत् फाइदाको बुझाइ रहेको तथ्य यसले देखाएको छ । परीक्षाको तयारीका लागि धेरै समय खर्च गर्ने र आफ्नो पढाइको उद्देश्य

त्यसैलाई मानेको भए पनि धेरै सहभागीले पढाइको पढाइको मुख्य फाइदा ज्ञान प्राप्ति र व्यक्तित्व विकासलाई लिएको पाइएको छ ।


चित्रको दोस्रो खण्डले पढाइको बाधासम्बन्धी सहभागीको अभिमत प्रस्तुत गरेको छ । पढाइलाई मुख्य रूपमा कुन कुराले बाधा पुऱ्याएको छ ? भन्ने प्रश्नको जवाफमा करिब आधाजति (४८.५ %) सहभागीले सामाजिक सञ्जालको प्रयोगले आफ्नो पढाइमा बाधा पुगेको प्रतिक्रिया दिएका छन् । त्यस्तै पारिवारिक जिम्मेवारी दोस्रो मुख्य बाधा (१७.२ %) का रूपमा रहेको छ । पढ्ने बानी विकास हुन नसकेका कारण पनि केही सहभागी (१४.२ %) को पढाइमा बाधा पुगेको देखिन्छ । यसरी सहभागीहरूले पढाइका बहुआयामिक फाइदाका बारेमा जानकारी भए पनि विविध कारणले पढाइमा बाधा उत्पन्न भएको अभिमत सहभागीबाट व्यक्त भएको छ । यस नतिजाले सूचना प्रविधिले सहभागीको पढाइमा सकारात्मक फाइदा मात्रै नपुऱ्याई पढाइमा बाधा पुऱ्याउने, पारिवारिक जिम्मेवारीका कारण समयको अभाव हुने साथै प्रभावकारी पठन बानी विकास हुन नसक्दा पढाइमा बाधा पुग्ने तथ्य उजागर गरेको छ ।

## पुस्तकालयको प्रयोग र पाठ्यसामग्रीको अद्यावधिकता

विद्यार्थीको पठन बानी निर्माणका लागि पुस्तकालयको महत्त्वपूर्ण भूमिका हुन्छ । यसका लागि विद्यार्थीमा पुस्तकालयको नियमित प्रयोग गर्ने बानीका साथै पुस्तकालयमा पाठ्यसामग्रीको अद्यावधिकता हुनुपर्छ । यस अध्ययनका सहभागीहरूको पुस्तकालयको प्रयोग गर्ने बानी तथा पुस्तकालयमा पाठ्यसामग्रीको अद्यावधिकताका सम्बन्धमा व्यक्त विचार तलको चित्रमा प्रस्तुत गरिएको छ :

**चित्र ४**

*पुस्तकालयको प्रयोग र पाठ्यसामग्रीको अद्यावधिकता*




दिइएको चित्रको पहिलो खण्डले सहभागीको पुस्तकालय प्रयोग बानीका सम्बन्धमा सहभागीको अभिमत उजागर गरेको छ । पुस्तकालयको प्रयोग कत्ति पनि नगर्ने

सहभागीहरूको प्रतिशत १८.२ प्रतिशत रहेको छ । सहभागीमध्ये एक चौथाभन्दा केही बढी (२६.३० %) सहभागीले मासिक एक पटक र एक चौथाइभन्दा केही कम (२२.७०%) सहभागीले मासिक दुई पटक पुस्तकालयको प्रयोग गर्ने गरेको पाइएको छ । मासिक तीन, चार तथा पाँच पटक वा सोभन्दा बढी पुस्तकालयको प्रयोग गर्नेको प्रतिशत तुलनात्मक रूपमा कम रहेको छ । यसले पुस्तकालयलाई पढाइको स्थलका रूपमा विकास गर्ने तथा पुस्तकलगायतका पाठ्यसामग्रीको प्रयोग नियमित रूपमा गर्ने प्रभावकारी संस्कृति निर्माण गर्न नसकिएको अवस्थालाई प्रस्तुत गरेको छ ।

चित्रको दोस्रो खण्डले पुस्तकालयमा पुस्तकको उपलब्धता पर्याप्त भए नभएको सम्बन्धमा सहभागीको अभिमत प्रस्तुत गरेको छ । यस अध्ययनका सहभागीमध्ये आधाभन्दा केही बढी (५२.५० प्रतिशत) ले अलिअलि मात्रै अद्यावधिक रहेको महसुस गरेका छन् भने एक चौथाइभन्दा केही केही बढी (२७.५० %) सहभागीले मात्रै पुस्तकालयमा पाठ्यसामग्री अद्यावधिक रहेको महसुस गरेका छन् । करिब बिस प्रतिशत (१९.९०%) ले भने पाठ्यसामग्रीको अद्यावधिकता नरहेको भन्ने जवाफ दिएका छन् । यसबाट क्याम्पसहरूमा विद्यार्थीका पुस्तकालयको व्यवस्था गरिएको भए पनि पर्याप्त मात्रामा पाठ्यासामग्रीको अद्यावधितातर्फ पर्याप्त ध्यान दिन नसकिएको अवस्था उजागर भएको छ । यस नतिजाले विद्यार्थीको पढाइको प्रभावकारी पढाइस्थलका रूपमा पुस्तकालयलाई विकास गर्न नसक्नुको कारणमा पुस्तकालयमा पाठ्यसामग्रीको अद्यावधिकता नहुनुले पनि भूमिका निर्वाह गरेको देखिन्छ ।

## पठनप्रतिको अभिवृत्ति


पठनप्रतिको अभिवृत्तिले विद्यार्थीको पढाइप्रतिको भावना, विश्वास र प्रेरणालाई जनाउँछ । यसअन्तर्गत पढाइबाट प्राप्त हुने आनन्द, निराशा वा आत्मविश्वास, पढाइलाई उपयोगी, महत्त्वपूर्ण र रमाइलो रूपमा लिने नलिने अवस्था, सकारात्मक पढाइ अनुभव जस्ता पक्षहरूलाई जनाउँछ । यस अध्ययनका सहभागीहरूको पठनप्रतिको अभिवृत्तिलाई चित्र ५ मा प्रस्तुत गरिएको छ :

दिइएको चित्र ५ ले सहभागीको पठनप्रतिको अभिवृत्तिलाई प्रस्तुत गरेको छ । यस अध्ययनमा पढाइलाई सर्वोत्तम उपाय मान्ने, पढाइ मनपर्ने क्रियाकलाप, पढाइबाट आनन्द प्राप्ति, पढ्ने बानीले शैक्षिक सफलतालाई प्रोत्साहन गर्ने तथा पुस्तक उपहारका रूपमा प्राप्त गर्दा मन पर्ने भन्ने कथनमा धेरैले सहभागीहरूले सहमति जनाएका छन् । पढ्दा र निन्द्रा र छटपटीले सताउने भन्ने कथनमा अन्य कथनका तुलनामा केही कम सहभागी सहमत भएका छन् । यद्यपि पठन अभ्यासको कमीका कारण पढाइप्रति सकारात्मक अभिवृत्ति भएका केही सहभागीमा पढ्दा निन्द्र र छटपटी हुने गरेको तथा पढाइका बारेमा साथीसँग कमै मात्र छलफल हुने गरेको पाइएको छ । पढाइप्रतिको सकारात्मक अभिवृत्ति

धेरै सहभागीमा रहेको पाइनु सकारात्मक भए पनि पढ्दा निन्द्रा र छटपटीले सताउने भन्ने कथनमा पूर्ण असहमत र असहत हुने सहभागीहरू करिब चालिस प्रतिशत मात्रै हुनु तथा आधाभन्दा केही बढी (५८.०%) सहभागीले मात्रै पुस्तकका बारेमा साथीसँग नियमित छलफल हुने कथनमा सहमति जनाउनुले पठनप्रतिको अभिवृत्ति सकारात्मक भए पनि त्यसको अभ्यासको कमीका कारण पढाइलाई आनन्ददायक कार्यका रूपमा लिन नसकेका र पढाइमा सामाजिक संलग्नता मजबुत हुन नसकेको देखिन्छ।

**चित्र ५**

*पठनप्रतिको अभिवृत्ति*




## डिजिटल माध्यमको पढाइ


आजको सूचना तथा सञ्चार प्रविधिको युगमा इ-पुस्तकालयको प्रयोग र डिजिटल माध्यमको पढाइको महत्त्वपूर्ण भूमिका हुन्छ। यस अध्ययनका सहभागीको इ-पुस्तकालयको प्रयोग, डिजिटल माध्यमका पुस्तकको रोजाइ र पढाइमा डिजिटल पुस्तकको हिस्सालाई तलको चित्र ६ मा प्रस्तुत गरिएको छ :

दिइएको चित्र ६ ले यस अध्ययनका सहभागीको इ-पुस्तकालयको प्रयोग, पुस्तकको रोजाइ र पढाइमा डिजिटल पुस्तकको हिस्सालाई प्रस्तुत गरेको छ। जहाँ आधाभन्दा केही धेरै (५८.३%) सहभागीले इ पुस्तकालयको प्रयोग गर्ने देखाएको र बाँकी सहभागी (४१.७ %) इ-पुस्तकालयको प्रयोग नगरेको पाइएको छ । त्यस्तै प्रिन्ट र डिजिटल माध्यमका पुस्तकमध्ये प्रिन्ट माध्यमका पुस्तक रोज्ने सहभागीहरू दुई तिहाइभन्दा केही कम (६४.४ %) र डिजिटल माध्यमको पुस्तक रोज्ने सहभागीहरू एक तिहाइभन्दा केही बढी (३५.६%) रहेका छन्। त्यस्तै करिब एक तिहाइभन्दा केही कम (३२.८%) विद्यार्थीको कुल पढाइको २५ प्रतिशतसम्मको हिस्सा डिजिटल माध्यमका पुस्तकले ओगटेको छ, आधाभन्दा केही

बढी (५१.८%) सहभागीको डिजिटल पढाइको हिस्सा २६ देखि ५० प्रतिशत रहेको छ । त्यस्तै कुल पढाइमध्ये डिजिटल पढाइको हिस्सा ५१ देखि ७५ प्रतिशत हुने सहभागीहरू ११.४ प्रतिशत र आफ्नो पढाइको ७६ देखि १०० प्रतिशतसम्म डिजिटल माध्यमका पुस्तक पढ्ने सहभागीहरू जम्मा ४ प्रतिशत रहेका छन् । यस तथ्यले सहभागीहरूमा डिजिटल पुस्तकको प्रयोग गर्नेहरूको सङ्ख्या पर्याप्त रहे पनि पढाइको अधिक हिस्सा डिजिटलभन्दा प्रिन्ट भएका पुस्तले नै ओगटेको देखिन्छ। नियमित रूपमा डिजिटल माध्यमका पुस्तक पढ्ने र इपुस्तकालयको प्रयोग नगर्ने सहभागीहरू पर्याप्त हुँदा विद्यार्थीको रोजाइमा डिजिटल माध्यमका पुस्तका तुलनामा प्रिन्ट गरिएका पुस्तकहरू परेका छन् ।

**चित्र ६**

*डिजिटल पढाइ*




## डिजिटल पठनप्रतिको अभिवृत्ति


आजको समयमा सूचना प्रविधिको विकासको परिणामस्वरूप डिजिटल माध्यमका पाठ्यसामग्रीको उपललब्धता व्यापक भए पनि त्यसको प्रयोगमा अभ्यस्त भइसकेपछि मात्रै त्यसप्रति प्रयोगकर्ताको सकारात्मक अभिवृत्ति विकास हुन सक्छ । यस अध्ययनका सहभागीको डिजिटल पठनप्रतिको अभिवृत्ति चित्र ७ मा प्रस्तुत गरिएको छ :

दिइएको चित्र ७ ले सहभागीको डिजिटल पठनप्रतिको अभिवृत्तिलाई प्रस्तुत गरेको छ। चित्रमा प्रस्तुत तथ्यले यस अध्ययनका सहभागीहरूमध्ये धेरै जनामा डिजिटल पढाइप्रति सकारात्मक अभिवृत्ति रहेको देखाएको छ । डिजिटल माध्ययमको पढाइलाई मन पराउने, डिजिटल माध्यमको माध्यमबाट आनन्द प्राप्ति हुने तथा अध्ययनको जस्ता कथनप्रति धेरै सहभागीले सहमति जनाएका छन् । सहभागीहरूमा इन्टरनेटमा सामग्रीको खोजी गर्ने र

सामग्रीहरू उपलब्ध भएको भन्ने कथनप्रति धेरै सहभागीहरूको सहमति हुनुले डिजिटल पढाइका सक्षमता धेरै सहभागीमा रहेको देखिन्छ। अभिवृत्तिका तुलनामा अनलाइन माध्यमको उपयोग गरी शिक्षकसँग नियमित अन्तर्क्रियाका साथै अनलाइन सेमिनारमा सहभागिता जनाउने कार्यमा कमै सहभागीको मात्रै सहमति रहेको देखिनछ। यसबाट डिजिटल पढाइको अनुभव र सकारात्मक अभिवृत्ति तथा उपयोगको सक्षमतासमेत रहेको यद्यपि उनीहरूमा नियमित अभ्यासको कमी रहेको देखिन्छ। यद्यपि सबै विद्यार्थीहरूले डिजिटल माध्यमलाई नियमित रूपमा अभ्यास नगरेको र कारण डिजिटल माध्यमबाट असाइनमेन्ट गर्ने कार्यलाई समय बर्बादीका रूपमा लिएका छन्।

**चित्र ७**

*डिजिटल पठनप्रतिको अभिवृत्ति*




## छलफल

उच्च तहका विद्यार्थीको पठन बानी, पठनप्रतिको अभिवृत्तिले पढाइ सक्षमताका साथै शैक्षिक सफलतामा भूमिका निर्वाह गर्ने तथ्य विभिन्न अध्ययनले देखाएको कुरा यसअघि नै चर्चा गरिसकिएको छ। यस अध्ययनको उद्देश्य स्नातकोत्तर तहका विद्यार्थीको पठन बानी र पठनप्रतिको अभिवृत्ति उजागर गर्नु राखिएको थियो। यस अध्ययनमा सहभागी विद्यार्थीमध्ये करिब एक चौथाइभन्दा केही बढी विद्यार्थीहरूको मात्रै फुर्सदको मुख्य कार्य पढाइ रहेको, पढाइको अवधि तुलनात्मक रूपमा धेरै हुन नसकेको, पढाइको फाइदाका बारेमा विद्यार्थीहरू जानकार भए पनि सामाजिक सञ्जाल लगायतका कारणबाट पढाइमा बाधा पुगेको तथ्य प्राप्त भएको छ। Diwan (2020) ले भारतका २०० विश्वविद्यालयका विद्यार्थीहरूमाथि गरेको अध्ययनले करिब आधाजति सहभागीहरू १ देखि ३ घण्टा पढाइमा

बिताउने गरेको र उनीहरूको पढाइको मुख्य उद्देश्य परीक्षा उत्तीर्ण गर्ने र प्रतिष्पर्धात्मक परीक्षा उत्तीर्ण गर्ने रहेको बताएका थिए । यस्तै नाइजेरियाका विश्वविद्यालयका विद्यार्थीहरूको पढ्ने बानीका सम्बन्धमा Okolo & Ivwighreghweta (2020) ले गरेको अध्ययनमा ४० प्रतिशत सहभागीहरू आवश्यकता परेको समयमा मात्रै पढ्ने गरेको देखिएको थियो । यस अध्ययनमा करिब ५५ प्रतिशत सहभागी २ देखि ४ घण्टा र २५ प्रतिशत सहभागी १ घण्टाभन्दा कम तथा २० प्रतिशत ४ देखि ६ घण्टासम्म पढ्ने देखाएको थियो । अर्का विद्वान् Hejase, Hejase, Chehimi, & Younis (2020) ले पठन बानीका सम्बन्धमा लेबनान र फ्रान्सका विश्वविद्यालयका विद्यार्थीको पठन बानीको अध्ययन गरी तुलनात्मक विश्लेषण गरेका थिए । जहाँ 'पछिल्लो १२ महिनामा कतिओटा प्रिन्ट माध्यमका पुस्तक पढ्नुभयो ?' भनी सोधिएको प्रश्नमा २१.९ प्रतिशत लेबनानीहरूले र केवल २.३ प्रतिशत फ्रेन्चहरूले कुनै पनि पुस्तक नपढेको प्रतिक्रिया दिएका थिए । त्यस्तै त्यस्तै 'पछिल्लो १ वर्षमा कति ओटा अनलाइन पुस्तक पढ्नुभयो ?' भन्ने प्रश्नको उत्तरमा ४० प्रतिशत लेबनानी विद्यार्थीले कुनै पनि डिजिटल माध्यमको पुस्तक आफूले अध्ययन नगरेको प्रतिक्रिया दिएका थिए भने केवल १७ प्रतिशत फ्रेन्च सहभागीले मात्रै आफूले डिजिटल माध्यमको पुस्तकको अध्ययन नगरेको बताएका थिए । त्यसैगरी (Daniel *et al.,* 2017) ले नाइजेरियाका विश्वविद्यालयमा अध्ययनरत १८० जना विद्यार्थीहरूको पठन बानीका सम्बन्धमा अध्ययन गरेका थिए र उक्त अध्ययनले ४७.२ प्रतिशत सहभागीले २ देखि ४ घण्टा समय पढाइमा बिताउने गरेको, ४१.१ प्रतिशत सहभागीले ४ देखि ६ घण्टा समय पढाइमा बिताउने गरेको र केवल ८.३ प्रतिशत सहभागीले मात्रै ६ घण्टाभन्दा बढी समय दैनिक रूपमा पढाइमा बिताउने गरेको देखाएको थियो । यस अध्ययनमा सहभागीहरूले पढाइको मुख्य उद्देश्य क्रमशः परीक्षा उत्तीर्ण गर्नु, स्वविकास गर्नु र अङ्ग्रेजी भाषाको सिप विकास गर्नु रहेको बताएका थिए । Shehu and Shehu (2014) ले गरेको अध्ययनका धेरै सहभागीले सामाजिक सञ्जालको प्रयोगमा रमाउने कारण आफ्नो पढाइको समय खर्च हुने र पढ्नका लागि समय अभाव हुँदा पढाइको फाइदा लिनबाट बञ्चित हुने अवस्था सिर्जना भएको प्रतिक्रया दिएका थिए । यस अध्ययनको नतिजा जस्तै विभिन्न राष्ट्रका विश्वविद्यालयका विद्यार्थीहरूको पठन बानीको अध्ययनबाट प्राप्त नतिजाअनुसार पठन अवधि केही बढी र केही कम भएको भए पनि समग्रमा विद्यार्थीहरूको पठन बानीको प्रभावकारी विकास चुनौतीपूर्ण कार्य रहेको स्पष्ट भएको देखिन्छ । Adhikari (2024) को अध्ययनले त्रिभुवन विश्वविद्यालको स्नातक तहमा अङ्ग्रेजी मूल विषय लिएर अध्ययन गर्ने विद्यार्थीमा पर्याप्त पठन सामग्री, पठन बानी र शब्दभण्डार क्षमताको कमी र विद्यार्थीलाई प्रभावकारी पठन सहजीकरणको अभाव तथा पाठ्यांश र पाठको अनावश्यक लम्बाइका कारण पाठ्यांशको उद्देश्य हासिल गर्न कक्षाकोठाको सिकाय सहजीकरणमा समस्या भएको देखाएको छ। उल्लिखित अध्ययनहरूको आधारमा विश्वविद्यालय स्तरमा पठन बानी तथा पठन संस्कृतिको विकास एक चुनौतिपूर्ण कार्यका रूपमा रहेको देखाएको छ ।

सूचना तथा सञ्चार प्रविधिको तीव्र विकासका कारण पठन सामग्रीको डिजिटल माध्यमको उपलब्धताको कारण पढाइको एक महत्त्वपूर्ण क्षेत्रका रूपमा स्थापित बनेको छ। प्रस्तावित अध्ययनका सहभागीहरूमध्ये धेरै सहभागीले डिजिटल पुस्तकालयको प्रयोग गर्ने, डिजिटल माध्यमको पढाइलाई पढाइको महत्त्वपूर्ण हिस्सा बनाएका, तथा पढाइप्रतिको सकारात्मक अभिवृत्ति विकास भएको तथ्य उजागर भएको छ। नामिबियाका विश्वविद्यालयका विद्यार्थीहरूको पढाइको डिजिजल पढाइको अध्ययनले विद्यार्थीले सामग्रीको सहज उपलब्धता, अद्यावधिकता, विविधतामुखी शैलीको पढाइ अवसर तथा पुस्तकको सहज खरिद सुविधा लगायतका कारणबाट विद्यार्थीहरूको डिजिटल पढाइप्रतिको सकारात्मक अभिवृत्ति रहेको तथ्य उजागर गरेको थियो (Chande *et al.,* 2024) । भारतको केरला विश्वविद्यालयका विद्यार्थीहरूको डिजिटल पठनप्रतिको अभिवृत्तिका बारेमा गरिएको अध्ययनले बहुमत विद्यार्थीहरूले डिजिटल पढाइप्रति औसत सकारात्मक अभिवृत्ति प्रकट गरेका थिए । साथै यस अध्ययनले डिजिटल माध्यमबाट जहाँसुकै र जहिलेसुकै सहज माध्यमबाट सूचना प्राप्ति गरेका कारण डिजिटल पढाइ मन पराएको तथ्यसमेत उजागर गरेको थियो ।

विद्यार्थीको पठन बानी, रुचि र डिजिटल माध्यमको पढाइ र यसप्रतिको अभिवृत्तिको विद्यार्थी स्वयम्बाट व्यक्त धारणामा सीमित रहनु यस लेखको सीमितता हो । यद्यपि नेपालका विश्वविद्यालय तहका विद्यार्थीको पढाइसम्बन्धी अध्ययनतर्फ चासो नपुगेको सन्दर्भमा विश्वविद्यालयका विद्यार्थीको पठन बानी, रुचि, डिजिट बढाइ बानी, पढाइ तथा डिजिटल पठनप्रतिको अभिवृत्तिको बारेमा महत्त्वपूर्ण जानकारी उपलब्ध गराउनु यस लेखको योगदान हो । यसले स्नातकोत्तर तहमा अध्ययनरत विद्यार्थीको पढाइका बारेमा अवस्था पहिचान गरी त्यसप्रतिको धारणा निर्माण गर्न सहयोग गर्छ। विद्यार्थीको पढाइ व्यवहारका विविध ढाँचा, प्रवृत्ति तथा तिनले पठनबोध क्षमता, आलोचनात्मक क्षमता तथा सिकाइ उपलब्धिमा पारेको प्रभावको अध्ययन जस्ता महत्त्वपूर्ण पक्षलाई यस लेखले सम्बोधन गर्न सकेको छैन । भविष्यमा विश्वविद्यालयका विद्यार्थीहरूको पढाइका सम्बन्धमा गरिने अध्ययनहरू यसतर्फ केन्द्रित गरी पढाइको अवस्थाको गहन जानकारीका साथै त्यसको प्रभावको पहिचान गर्नुपर्छ ।

## निष्कर्ष

यस अध्ययनबाट विद्यार्थीको पठन रुचि, बानी र पठनसम्बन्धी अभिवृत्तिका सम्बन्धमा प्राप्त तथ्यका आधारमा निष्कर्ष पहिचान गरिएको छ । यस अध्ययनका थोरै सहभागीले मात्रै फुर्सदको मुख्य कार्य पढाइ र आफ्नो समयको आंशिक हिस्सा मात्रै पढाइमा बिताउने गरेको पाइएको छ । सहभागीले पुस्तक समीक्षाका आधारमा पुस्तकको छनोट गर्ने अनि ज्ञान प्राप्ति र परीक्षाको तयारीलाई आफ्नो पढाइको उद्देश्य मानेका छन् । ज्ञान आर्जन तथा व्यक्तित्व विकासमा पढाइले फइदा पुऱ्याएको ठान्ने सहभागीले पढाइमा बाधा पुऱ्याउने पहिलो कारण सामाजिक सञ्जालको अधिक प्रयोग र अर्को पारिवारिक जिम्मेवारी

अनि पढ्ने बानीको अभावलाई लिएका छन् । पुस्तकालयमा पर्याप्त पाठ्यसामग्री अद्यावधिक नभएको महसुस धेरै सहभागीले गरेका छन् भने नियमित पुस्तकालयको प्रयोग गर्नेको सङ्ख्या पनि न्युनरहेको तथ्य उजागर भएको छ । पढाइको महत्त्व बुझेका कारण धेरै सहभागीको पढाइप्रति सकारात्मक अभिवृत्ति रहेको छ। डिजिटल सामग्रीको प्रयोग धेरैले गरे पनि प्रिन्ट पुस्तक धेरैको रोजाइमा परेको छ अनि डिजिटल पुस्तकको हिस्सा पिन्ट पुस्तकका तुलनामा निकै कम रहेको छ । डिजिटल पढाइप्रति धेरै विद्यार्थीको सकारात्मक अभिवृत्ति रहेको भए पनि त्यसका तुलनामा डिजिटल माध्यमबाट पुस्तक खोजी गर्ने, प्रयोग गर्ने र अभ्यस्त हुनेको सङ्ख्या न्यूनछ । यसरी यस अध्ययनको प्राप्तिलाई सारमा पढाइप्रतिको बानी र रुचि औसत मात्रामा प्रभावकारी, अभिवृत्ति सकारात्मक र अभ्यास र आत्मविश्वास कमजोर रहेको निष्कर्षमा पुग्न सकिन्छ। पढाइको महत्त्व बुझेका सहभागी हुने उच्च तहका विद्यार्थीको पढाइ सक्षमता र पढाइबाट हुने लाभको मात्रामा थप वृद्धि गर्न पढाइको थप महत्त्व बुझाएर पर्याप्त पाठ्यसामग्रीको उपलब्धता गराई पढाइजन्य कार्यक्रम सञ्चालन गरी पर्याप्त अभ्यास गराउनु आवश्यक देखिन्छ । यसबाट पठनप्रतिको अभिवृत्ति र पठन सक्षमतामा वृद्धि भई सिकाइ उपलब्धिका साथै पेसागत सफलता अनि व्यक्तित्व विकासका समग्र सम्भावनालाई थप फराकिलो बनाउन थप योगदान पुग्छ ।

## सन्दर्भ सामग्री

Adhikari, B. R., & Shrestha, K. N. (2023). Extensive reading at the university level: Why is it trivialized in practice?. *Journal of NELTA Gandaki, 6*(1-2), 1–12. https://doi.org/10.3126/jong.v6i1-2.59705

Adhikari, B. R., & Shrestha, K. N. (2024). Challenges of teaching reading: A case of university English reading courses. *Siddhajyoti Interdisciplinary Journal*, *5*(1), 1–15. https://doi.org/10.3126/sij.v5i1.63587

Atkinson, D., & Smith Risser, H. (2023). Exploring students' responses to reading assignments in first-year university mathematics courses. *Journal of College Reading and Learning*, *53*(1), 38–57. https://doi.org/10.1080/107901952022.2126415

Baker, S., Bangeni, B., Burke, R., & Hunma, A. (2018). The invisibility of academic reading as social practice and its implications for equity in higher education: A scoping study. Higher *Education Research & Development*, *38*(1), 142–156. https://doi.org/10.1080/07294360.2018.1540554

Balan, S., Katenga, J., & Simon, A. (2019). Reading habits and their influence on academic achievement among students at Asia Pacific International University, Abstract Proceedings International

Scholars Conference, 7.1490-1516. http://dx.doi.org/10.35974/isc.v7i1.928

Bashir, I., & Mattoo, N. H. (2012). A Study on habits and academic Among adolescents (14-19) years. *International Journal of Social Science Tomorrow, 1*(5). 1-5.

Bergman, L. (2024). Students' reading in higher education: Challenges and ways forward, *Journal of Adolescent Adult Literacy, 67*(6), 414-423. https://doi.org/10.1002/jaal.1346

Buchi M, Just N & Latzer M (2016) Modeling the second-level digital divide: A five-country study of social differences in internet use. *New Media & Society, 18*(11): 2703–2722.

Chande, A., Sharma, A., Gupta, S., & Verma, R. (2024). *Navigating the digital landscape: A study on management students' reading behaviour*. Les Ulis: EDP Sciences. https://doi.org/10.1051/e3sconf/202455601046

Daniel, O. C., Esoname, S. R., Chima, O.-O. D., & Udoaku, O. S. (2017). Effect of reading habits on the academic performance of students: A case study of the students of Afe Babalola University, Ado-Ekiti, Ekiti State. *American Journal of Library and Information Science*, *1*(1), 27-33

Diwan, S. K. (2020). Reading Habits and its Impact on Students Academic Performance: Case Study. Reading, *International Journal of Library and Information Studies, 10*(2). https://www.ijlis.org/

Hejase, H. J., Hejase, A. J., Chehimi, G. M., & Younis, J. A. (2020). Reading Habits in Lebanon and France: A Comparison Study, *The Journal of Middle East and North Africa Science*, *6*(11), 15-32.

Kuhn, A., Schwabe, A., Boomgarden, H., Brandl, L., Stocker, G., Lauer, G., Brendel-Kepser, I., & Krause-Wolters, M. (2024). Who gets lost? How digital academic reading impacts equal opportunity in higher education. *New Media & Society*, *26*(2), 1034-1055. https://doi.org/10.1177/14614448211072306

Montazeri, A. Vahdaninia, M., Mousavi, S. J.& Omidvari S. (2009) The Iranian version of 12-item Short Form Health Survey (SF12): factor structure, internal consistency and construct validity, *BMC Public Health*, 9, 341, https://doi.org/10.1186/1471- 2458-9-341

Okolo, S. E., & Ivwighreghweta, O. (2020). Reading habits amongst undergraduate students: Case study of Michael and Cecilia Ibru

University, (MCIU) Agbarha-Otor. *Reading, Library of Philosophy and Practice.* https://digitalcommons.unl.edu/libphilprac/4077/

P, Divya, P. & H. K., Mohamed (2020). Students' attitude towards digital reading: A study in universities in Kerala,. *Library Philosophy and Practice* (e-journal). 4387. https://digitalcommons.unl.edu/libphilprac/4387

Palavan, O., Celik, D., & Yucel, I. (2022). An assessment of university students' book reading levels and problem solving skills, *The European Journal of Social and Behavioral Sciences, 31*(1).

Shehu, N., & Shehu, A. (2014). Challenges of social networking on students' reading habit in Ahmadu Bello University, Zaria. *Research on Humanities and Social Sciences*, *4*(19), 34-39. www.iiste.org

Stoller, F. L., & Nguyen, L. T. H. (2020). Reading habits of Vietnamese University English majors. *Journal of English for Academic Purposes*, 48, 100906. https://doi.org/10.1016/j.jeap.2020.100906

Taber, K.S. The Use of Cronbach's Alpha When Developing and Reporting Research Instruments in Science Education. *Research Science Education 48*, 1273–1296 (2018). https://doi.org/10.1007/s11165-016-9602-2

Tang, X. Y., & Lin, Y. (2004). Improve the utilization rate of electronic publications and move towards a new era of digital reading. *Libr. Trib. 2*, 91–93.

Uakarn, C., Chaokromthong, K., & Sintao, N. (2021). Sample size estimation using Yamane and Cochran and Krejcie and Morgan and Green formulas and Cohen statistical power analysis by G* power and comparisons. *Apheit International Journal*, *10*(2), 76-88.

Van Dijk J (2020) *The Digital Divide.* Polity Press.